मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : १०० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन १३ गते बुधबार (Wednesday, 25 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. :

## १२ लाखको धनमाल चोरी

**विराटनगर, फागुन १२।** मोरङको विराटनगर महानगरपालिका-१० स्थित शान्तिचोकमा एक घरबाट लाखौं मूल्यको धनमाल चोरी भएको छ।


स्थानीय सीता श्रेष्ठको घरलाई निशाना बनाउँदै चोरले करिब १२ लाख रूपैयाँ बराबरको सुन तथा चाँदीका गरगहना र अन्य धनमाल चोरी गरेको हो।

सोमबार भएको उक्त चोरीको घटनाले टोलबासीलाई त्रसित बनाएको छ। प्रहरीले घटनाको जानकारी पाउनेबित्तिकै घटनास्थल पुगेर प्रारम्भिक मुचुल्का उठाएको

(बाँकी अन्तिम पृष्ठमा)

# झापा ४: यी हुन् ५ मुख्य प्रतिस्पर्धी

■ तीर्थराज खरेल



*चुनावका बेलामा कुनै पनि उम्मेदवारले आफूलाई कम आँक्दैनन्। तर, विगतको विरासत, वर्तमानको प्रवाह र भविष्यका योजनाका कारण जनतामा उम्मेदवारप्रतिको सोच र धारणा निर्माण हुने गर्छ। कसैले सङ्गठनको तागतमा त कसैले इतिहासको भूमिकाका आधार त कुनै दल आम मतदाताको माहौलका आधारमा विजय हुने दावा गर्छन्। आम निर्वाचन-२०८२को प्रतिनिधिसभाको चुनावमा झापा क्षेत्र नं. ४बाट १६ उम्मेदवारको मनोनयन रहेको छ।*

*झापा-४ मा झापा गाउँपालिकाका ७ वार्ड, कनकाई नगरपालिकाका १ देखि ७ सम्मका वार्ड, गौरीगञ्ज गाउँपालिकाका १ र २ वार्ड, गौरादह नगरपालिकाका वार्ड नं. ९ र शिवसताक्षी नगरपालिकाका ११ वडा गरी जम्मा २८ वटा वार्ड समेटिएका छन्। १ लाख ३० हजार ७ सय १२ मतदाता रहेको क्षेत्र नं. ४मा प्रत्यासीमध्ये मुख्य ५ जना चुनावी स्पर्धामा अगाडि देखिएका छन्। २०४८ यताका अधिकांश चुनावी नतिजा एमालेको पोल्टामा पर्दै आएकाले यो क्षेत्रलाई एमाले गढ भन्ने गरिएको छ।*

*तथापि, २०५१ सालको निर्वाचनमा यो क्षेत्रबाट नेपाली कांग्रेसका चक्रप्रसाद बाँस्तोला र २०६४ सालको संविधानसभा चुनावमा तत्कालीन नेकपा (माओवादी) बाट उमेदवार बनेकी धर्मशिला चापागाँई निर्वाचित भएर एमालेको गढ हल्लाइदिएका थिए। क्षेत्र नं. ४मा श्रम संस्कृति पार्टी नेपालका अमृता राई, जनता समाजवादी पार्टी नेपालले पल्टन ताजपुरिया, जनमत पार्टीले लोथ्रो हेमरम, नेमकिपाले तुलसीलक्ष्मी डुमरु (बाटी) र मङ्गोल नेशनल अर्गनाइजेसनले दिलीप धिमाललाई चुनावी मैदानमा उतारेको छ।*

*त्यस्तै, नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी पुष्पलाल) बाट टेकबहादुर अधिकारी, सङ्घीय प्रजातान्त्रिक राष्ट्रिय मञ्चबाट किरणलिम्बू लिङ्देन, विप्लवसमर्थित नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट ताराबहादुर थापा, उज्यालो नेपाल पार्टीबाट सन्तोष तामाङ र राष्ट्रिय मुक्ति पार्टीबाट त्रिनारायण राजवंशी प्रतिस्पर्धा गर्दै छन्। उक्त क्षेत्रमा साजन माझीले स्वतन्त्र उमेदवारी दिएका छन्। नेकपा एमालेका एलपी साँवा लिम्बू, नेपाली कांग्रेसका देउकुमार थेबे, राष्ट्रिय स्वतन्त्र पार्टीका शम्भुप्रसाद ढकाल (सुस्केरा), नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का पुरुषोत्तम चुडाल (राजु), राष्ट्रिय प्रजातन्त्र पार्टीका भक्तिप्रसाद सिटौलालगायत मुख्य उम्मेदवार रहेका छन्।*

### लालप्रसाद (एलपी) साँवा



**नेकपा एमालेबाट उम्मेदवार**

माता दिलमाया साँवा लिम्बू र पिता बुद्धिमान साँवा लिम्बूका पुत्ररत्नका रूपमा २०२४ असार २७ गते ताप्लेजुङ्गको नाल्बोमा जन्मेका एलपी साँवा लिम्बू आसन्न आमनिर्वाचनमा झापा क्षेत्र नं. ४मा सूर्यध्वजावाहक उम्मेदवारका रूपमा चुनावी मैदानमा छन्।

प्रतिनिधिसभामा पहिलो कार्यकाल (२०७४ - २०७९) र दोस्रो कार्यकाल (२०७९-२०८२) सफलतापूर्वक सम्पन्न गरेका साँवा नेकपा एमाले कोशी प्रदेश सचिवालय सदस्य रहेका छन्। धरानस्थित हात्तीसार क्याम्पसमा अनेरास्ववियुको प्रारम्भिक कमिटी अध्यक्ष (२०४३-२०४५) रहेर स्वतन्त्र विद्यार्थी युनियनको सभापति (२०४३ - २०४४) चुनिएका थिए। जनतासँग भिजेको कारणले उनी सबैका प्रिय छन्।

२०३६ सालको बिद्यार्थी राजनीति हुँदै मूलधारको राजनीतिमा प्रवेश गरेका साँवा एक राजनीतिकर्मी मात्र होइनन्, एक उद्यमी पनि हुन्। जनतालाई सके उद्यमी नसके पूर्ण रोजगार बनाउन चाहने एलपी साँवा लिम्बू आगामी फागुन २१ गते हुने निर्वाचनमा नेकपा एमालेको उम्मेदवारका रूपमा ह्याट्रिक विजय गर्ने सोचमा छन्।

'राजनीति जनताको सेवा हो' भन्ने मान्यतालाई आत्मसात गर्ने साँवा नेकपा एमालेभित्रका सशक्त नेता हुन्। उनी पहुँच, प्रभाव, विद्वता र जनतासँगको घुलनशीलताको हिसाबले जनतामाझ सकारात्मक छाप छोड्न सफल नेता हुन्। उनी

(बाँकी अन्तिम पृष्ठमा)

### देउकुमार थेवे



**नेपाली कांग्रेसबाट उम्मेदवार**

झापा-४मा उत्तरदायी, जनमुखी र मूल्यमा आधारित नेतृत्वको खोजी रहेको बखतमा ६३ वर्षीय देउकुमार थेबे (देउमान) को उम्मेदवारी परेको हो। निर्वाचनको चहलपहलमा होइन, प्रतिनिधित्वको गुणस्तरमाथि गम्भीर आत्ममन्थनको मोडमा उभिएका कारण थेबेको उम्मेदवारीको महत्व झल्किन्छ।

वर्षौंदेखि जनताले सुन्दै आएका भाषण, देख्दै आएका अनुहार र भोग्दै आएका अधुरा वाचाबीच यो क्षेत्रले प्रश्न गरिरहेको उत्तर खोज्ने क्रममा थेबेको उम्मेदवारी राजनीतिक विकल्पभन्दा पनि नैतिक र उत्तरदायी निर्णयको प्रस्तावका रूपमा उभिएको छ।

गौरवमय इतिहास, जिम्मेवार वर्तमान र र उज्यालो भविष्यको नारा बोकेर अघि बढेको नेपाली कांग्रेसका कार्यकर्ता राष्ट्रियता, लोकतन्त्र र समाजवादको सिद्धान्त एवम् आदर्शप्रति अटुट आस्थावान छन् र दृढ़ अडान र निरन्तर अभियानमा नेपाली कांग्रेस सदैब अविचलित रहने थेबेको भनाइ छ। नेपाल देशको उन्नति अनि नेपाली जनताको समग्र प्रगति नेपाली काङ्ग्रेसको मूल अभिष्ट भएकाले बीपी कोइरालाको विचार, कैयन शहीदको बलिदान, हजारौं योद्धाको समर्पण र लाखौं सदस्यको अनवरत यात्रा पार्टीका मूल अभिष्टमा केन्द्रित र लक्षित रहेको उनको भनाइ छ। नेपाली काग्रेसका झापा सभापति थेबे पार्टी सङ्गठनभित्र मात्र होइन, जनजीवनसँग प्रत्यक्ष

(बाँकी अन्तिम पृष्ठमा)

### शम्भुप्रसाद ढकाल (सुस्केरा)



**रास्वपाबाट उम्मेदवार**

पचास वर्षीय शम्भुप्रसाद ढकाल (सुस्केरा) २०७९को निर्वाचनमा पार्टीको कमजोर सङ्गठन रहँदारहँदै १४ हजार ६९ मत ल्याएर एलपी साँवा र देउमान थेबेलाई पछ्याएका थिए। रास्वपा उम्मेदवार सुस्केरा योपटक पार्टीको सशक्त सङ्गठन बनाएर नतिजा उल्टाउने दाउमा छन्। २०७९को निर्वाचनताका रास्वपाको सङ्गठन थिएन, तर यसपटक गाउँ/नगर कमिटी मात्र होइन, वार्ड र टोल कमिटी पनि बनाएर सशक्त तयारीका साथ सुस्केरा क्रियाशील छन्। स्थानीय कन्काई मावि सुरुङ्गाबाट माध्यमिक शिक्षा र त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा एमए गरेका सुस्केराले प्रतिनिधिसभा झापा क्षेत्र नम्बर ४ का रास्वपा उम्मेदवार सुस्केराले ५४ बुँदे वाचापत्र सार्वजनिक गरेका छन्। झापाका अन्य क्षेत्रमा सञ्चारकमीका प्रश्नबाट भागिरहेका रास्वपा उम्मेदवारभन्दा फरक झापा क्षेत्र नम्बर ४मा सुस्केरा सञ्चारकर्मीसँग सदैव दोहोरो संवादमा रहने गर्छन्। ढकालले सार्वजनिक गरेको वाचापत्रमा बारम्बार निर्वाचन जितेर आफ्नो घोषणापत्र अनुसार जनताको काम नगर्ने उम्मेदवारलाई ठगी मुद्दा हालेर जेल हाल्ने कुरा उल्लेख गरेका छन्। २२ वर्ष नेपाल प्रहरीमा काम गरेका सुस्केरा रेडियो कार्यक्रम प्रस्तोता र साहित्यकार पनि हुन्। उनी योग तथा खाना नफालौं अभियानका अभियन्ता

(बाँकी अन्तिम पृष्ठमा)

### पुरुषोत्तम चुडाल



**नेपाली कम्युनिष्ट पार्टीबाट उम्मेदवार**


नेपाली कम्युनिष्ट पार्टीले झापा क्षेत्र नम्बर ४मा युवा नेता पुरुषोत्तम चुडाल (राजु) लाई प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाएको छ। वर्गसङ्घर्षको अग्निमय जनयुद्धको भट्टीबाट खारिएका चुडाल तीन दशकदेखि राजनीतिमा सक्रिय छन्। आँशु, पसिना र रगतको त्रिवेणीको रूपमा रहेको दश वर्षे जनयुद्ध नेपालको इतिहासमा जनताको तर्फबाट भएको सबैभन्दा ठूलो विद्रोह थियो।

ताप्लेजुङको साविक फूलबारी गाविस वडा नम्बर ५मा ४३ वर्ष अघि जन्मिएका चुडाल २०५८ सालदेखि झापाको कनकाई नगरमा बसोबास गर्दै आएका छन्। २०५० सालदेखि विद्यार्थी राजनीतिमा संलग्न भएका उनी २०५४ सालमा अखिल क्रान्तिकारीमा आबद्ध भई केन्द्रीय सदस्य समेत भएका थिए।

चुडाल २०५५ साल फागुन २९ गते माओवादीको एरिया सदस्य भएसँगै पार्टीको पूर्णकालीन कार्यकर्ता (डब्ल्यूटीओ) भएका थिए। २०६० सालमा तत्कालीन शाही नेपाली सेनाले सुरुङ्गाबाट पक्राउ गरेका चुडाललाई ११ महिनासम्म सैनिक हिरासतमा राखेर बेपत्ता बनाएको थियो। माओवादी वृत्तमा चुडाललाई 'जिउँदा शहीद' भनेर मानिन्छ। आतङ्ककारीको बिल्ला भिराउँदै शाही नेपाली सेनाले २०६१ कार्तिकमा जेल चलान गरेका उनलाई २०६३ को जनआन्दोलन सफल भएसँगै रिहाइ गरिएको थियो।

(बाँकी अन्तिम पृष्ठमा)

### भक्तिप्रसाद सिटौला



**राप्रपाबाट उम्मेदवार**

भक्तिप्रसाद सिटौला राष्ट्रिय प्रजातन्त्र पार्टीसँग आबद्ध एक अनुभवी राजनीतिक व्यक्तित्व हुन्। उनी झापा जिल्ला निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार रहेका छन्। बिद्यार्थी जीवनदेखि नै राजनीतिक रूपमा सक्रिय छन् सिटौला समाजमा समानता, विकास र समुदाय सशक्तीकरणका विषयमा उनको विशेष ध्यान छ। उनी राजनीतिलाई केवल सत्ता र पद प्राप्तिको साधन नभई समाज सुधारको माध्यमको रूपमा हेर्छन्। उनको नेतृत्वमा स्थानीय नागरिकको आवाज राष्ट्रिय स्तरमा पुऱ्याउने प्रयास निरन्तर भइरहेको छ। विचारप्रधान र अनुभवप्रधान शैलीले उनलाई झापामा प्रभावशाली नेता बनाएको छ। उनी समुदायसँग नजिक रहँदै निर्णय प्रक्रिया र नीति निर्माणमा प्रत्यक्ष योगदान पुऱ्याउन प्रयासरत छन्।

भक्तिप्रसाद सिटौलाको जन्म २०१८ साल जेठ १३ गते तेह्रथुममा भएको हो। उनको नागरिकता तेह्रथुमबाट जारी गरिएको छ। बाल्यकालदेखि नै उनी पारिवारिक मूल्य, अनुशासन र सामाजिक उत्तरदायित्वको माहोलमा हुर्किएका छन्। उनका पिता देवीभक्त सिटौला सामाजिक र नैतिक मूल्यमा विश्वास गर्ने व्यक्तित्वका धनी थिए। वैवाहिक जीवनमा उनी लुना सिटौलासँग आबद्ध छन्। पारिवारिक सहयोगले उनको राजनीतिक र सामाजिक यात्रामा स्थिरता र बल

(बाँकी अन्तिम पृष्ठमा)

## साम्बाको उपचारका लागि २४ घण्टामा डेढ करोड जम्मा



**काठमाडौं, फागुन १२।** राष्ट्रिय महिला फुटबलर सावित्रा भण्डारी साम्बाले आफ्नो उपचारमा सहयोगका लागि एक करोड ४५ लाख रुपैयाँ सहयोग जुटेको जानकारी गराएकी छन्। अब आफ्नो अकाउन्टमा सहयोग बन्द गर्न उनले अपिल गरेकी छन्।

साम्बाले आफूलाई खुट्टामा लागेको चोटको उपचारारार्थ सहयोग अपिल गरेकी थिइन्। पछिल्लो २४ घन्टामा नै उनलाई करिब डेढ करोड सहयोग जुटेको हो। उनले सबैलाई धन्यवाद दिएकी छन्। 'आर्थिक रुपमा त यहाँहरुले मेरो उपचारका लागि लाग्ने खर्च जुटाइदिनु भयो नै, मैले पाएको साथ र वाचाले मलाई अझ बलियो बनाएको छ। यही उर्जाले म आफ्नो शल्यक्रिया र पुनर्स्थापनामा शत प्रतिशत मिहिनेत गर्नेछु'- उनले फेसबुकमा लेखेकी छन्- 'खेलाडीका रूपमा मैले आजसम्म कमाएको सबैभन्दा ठूलो सम्पत्ति पैसा र उपाधि होइन, यो माया, भरोसा र समर्थन भन्ने मैले फेरी एकपटक हृदयदेखि बुझेको छु। यही नै मेरो वास्तविक कमाइ हो।'

आफ्नो उपचारका लागि नेपाली बैंक खातामा एक करोड रुपैयाँभन्दा बढी र बिदेशी प्लाटफर्ममा ४५ लाख नेपाली रुपैयाँ (५२ हजार न्युर्जिल्यान्ड डलर) जम्मा भएको साम्बाले जानकारी गराएकी छन्। साथै, आफूलाई प्रायोजन गर्ने संस्था र अन्य नेपालका धेरै संघ-संस्थाले पनि नगद र सुविधा सहयोगको वाचा गरेको उनी बताउँछिन्। 'यसले मेरो उपचार खर्च मात्र नभएर, कतारमा उपचारका दौरान लाग्ने आवास र यातायात पनि पुग्ने देखिन्छ। कतारमा रहनुहुने विभिन्न व्यक्तित्व र संस्थाले पनि सहयोगको वाचा गर्नुभएको छ। त्यसैले म आजबाट नै दुवै अकाउन्टमा सहयोग रकम रोकिदिनु हुन अनुरोध गर्दछु'- उनी भन्छिन्।

आफू आवद्ध क्लब वेलिंगटन फिनिक्सले पनि शल्यक्रिया र पुनर्स्थापनाका लागि विमा रकम निकासा गरी त्यसमा थप सहयोग गरेर उपचारमा सहजीकरण गरिरहेको सम्बाले जानकारी दिएकी छन्। चाँडै नै शल्यक्रिया मिति पाएर प्रक्रिया अघि बढ्ने विश्वास उनको छ।

'यो चोटले मलाई शारीरिक मात्र होइन, मानसिक रूपमा पनि थकाएको थियो, तर तपाईंहरूको साथले मलाई फेरि उठ्ने साहस दिएको छ। म एक्लो छैन भन्ने विश्वास दिएको छ'- उनले भनेकी छन्- 'म दृढ संकल्पका साथ भन्छु, म फर्कनेछु। अझ मजबुत भएर फर्कनेछु। पुनः नेपालको जर्सी लगाएर मैदानमा उत्रिनेछु। देशको लागि, तपाईंहरूको लागि, र त्यो विश्वासको लागि जसले मलाई अघि बढाएको छ।'

## देवभूमि विद्यापीठको विद्यालय दिवस

**अर्जुनधारा, फागुन १२।** झापाको अर्जुनधारा-५स्थित देवभूमि विद्यापीठ अङ्ग्रेजी आवासीय विद्यालयको विद्यालय दिवस कार्यक्रम-२०८२ मंगलबार सम्पन्न भएको छ।

विद्यालय प्राङ्गणमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुमन शर्मा जम्मरकट्टेलको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि वडाध्यक्ष गीताराज खड्का 'हरि'ले उद्घाटन गरेका थिए।

विद्यार्थी आलोक तिम्सिना, कृतिका गौतम र खुसी नेपालले नेपाली वक्ततृत्व तथा छात्राद्वय बेञ्जु कोइराला र सायरा पौडेलले अंग्रेजीमा भाषण व्यक्त गरेको कार्यक्रममा गीत, नृत्य, रायम्स, नाटक मञ्चन, म्युजिकल ड्रिल, उसु प्रदर्शन, तेक्वान्दो प्रदर्शन, भलिबल फाइनल खेल आदि प्रस्तुत गरिएको थियो।

त्यसैगरी कार्यक्रममा गतशैक्षिक वर्ष २०८१का एसईई परीक्षामा विद्यालय उत्कृष्ट जीपीए ल्याउन सफल बिद्यार्थी अपेक्षा मिश्रलाई कदर-पत्रबाट सम्मानित गरिएको थियो।

(बाँकी अन्तिम पृष्ठमा)

## ब्राउन सुगर र प्रतिबन्धित औषधिसहित पक्राउ

**विराटनगर, फागुन १२।** झापा र सुनसरीका छुट्टाछुट्टै स्थानबाट प्रहरीले प्रतिबन्धित औषधि र लागूऔषध ब्राउन सुगरसहित तीन जनालाई नियन्त्रणमा लिएको छ।

लागूऔषध नियन्त्रणका लागि चलाएको सक्रियताका क्रममा फागुन ११ गते उनीहरूलाई पक्राउ गरिएको हो। इलाका प्रहरी कार्यालय बुधबारेको टोलीले झापाको बुद्धशान्ति-४का सोनम शेर्पालाई १ ग्राम १० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको छ।

यसैगरी, सुनसरीको धरान-८स्थित तीनकुनेमा खटिएको प्रहरी टोलीले चेकजाँचका क्रममा ठूलो परिमाणमा प्रतिबन्धित औषधिसहित दुई युवकलाई समातेको छ। प्र १-०२-०५५प ११३२ नम्बरको मोटरसाइकलमा सवार मोरङ सुन्दरहरैचा-४ का सिजन अधिकारी र तेह्रथुम फेदाप-३का नविन कडेलको साथबाट ५ सय ९० क्याप्सुल ट्रामाडोल र ५ सय ९० ट्याब्लेट डिकोलिक बरामद भएको छ।

पक्राउ परेका तीनै जनालाई हिरासतमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## कर्मचारी आवश्यकता

१. पद : बजार प्रतिनिधि (Marketing officer)
संख्या : १ (एक जना) तलब : १५०००।- (+ कमिशन)

२. पद : सुपरभाइजर
संख्या : १ (सिभिल इञ्जिनियरिङसँग सम्बन्धित)
तलब : २५०००।- (+ अनुभवको आधारमा)


सेवासुविधा : संस्थाको नियम अनुसार
आवश्यक कागजातहरु : नेपाली नागरिकताको प्रतिलिपि १ प्रति/पासपोर्ट साइजको फोटो १ प्रति, बायोडाटा।
कार्यक्षेत्र : झापा र इलाम जिल्लाभर
सम्पर्क अफिस : भाटभटेनी पश्चिम भगवान चोक बिर्तामोड, झापा

चन्द्रसूर्य इन्फ्रास्ट्रक्चर प्रा.लि.
कनकाई-८, लक्ष्मीपुर, झापा
सम्पर्क नं. :- ९८५२६५७३६१, ९८०२३१३२९०, ९८०२३१३२९३

मजबुत आधार ! गुणस्तरमा कुनै सम्झौता हुँदैन !!

यस चन्द्रसूर्य इन्फ्रास्ट्रक्चर प्रा.लि. (कंक्रिट उद्योग) लक्ष्मीपुर झापाबाट घर ढलान वा निर्माण, पुल, पुलेसा, ढल निर्माण लगायत निर्माण सम्बनधी गुणस्तरयुक्त कंक्रिट ढलानका लागि तपाईहरुको सेवामा हामी २४सैं घण्टा उपलब्ध छौं।

वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

उपचार हुने रोगहरू
- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४

# प्रकाश सितल मिनी मार्केटमा पाण्डवलाल



**बिर्तामोड, फागुन १२।** बिर्तामोड-५स्थित वीएण्डसी हस्पिटलको पूर्वपट्टि रहेको प्रकाश सितल मिनी मार्केटको साधारणसभा सम्पन्न भएको छ।

उक्त साधारणसभाले पाण्डवलाल चौधरीको अध्यक्षतामा ११ सदस्यीय समिति चयन गरेको छ। समितिको उपाध्यक्षमा कुमार निरौला, सचिवमा ज्ञाननाथ सिटौला, कोषाध्यक्षमा गंगा चम्रकार, सदस्यहरुमा अम्बिका खतिवडा, पारसमणि सुवेदी, कला भण्डारी, कुमारी चम्लागाँई, देवी चापागाँई, लेखनाथ पाण्डे, घनश्याम भट्टराई सर्वसम्मत चयन भएका छन्।

प्रकाश शिवाकोटीको प्रमुख आतिथ्यमा भएको साधारणसभाले मार्केटको चौतर्फी विकास, ग्राहकहरुको सेवामा सस्तो र गुणस्तरीय सामानको विक्री वितरण सम्बन्धी व्यवस्था मिलाउने, ग्राहक र पसलबीच उच्च स्तरको मैत्रीपूर्ण व्यवहारको अवधारणा साथ काम गर्ने नीति लिएको उपाध्यक्ष कुमार निरौलालले बताए। हाल यस मार्केटमा ग्राहकका रोजाईका विविध प्रकारका सामानहरुको व्यापार हुँदै आएको छ।

## १२ लाखको ...

छ। चोरी भएको धनमालको विस्तृत विवरण संकलन गर्ने काम भइरहेको र यसमा संलग्नहरूको खोजी कार्य तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ। प्रहरीले शंकास्पद क्षेत्रहरूमा निगरानी बढाउनुका साथै फरार व्यक्तिको पहिचानका लागि स्थानीय सीसीटीभी फुटेजहरूसमेत अध्ययन गरिरहेको छ।

## देवभूमि ...

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ झापाका अध्यक्ष पाण्डवलाल चौधारी, प्याब्सन अर्जुनधाराका प्रमुख सल्लाहकार रुद्र सिटौला, सल्लाहकार राजेशकुमार आचार्य, सिर्जना शिशु सदन अंग्रेजी माध्यमिक विद्यालयका संस्थापक प्रधानाध्यापक विशाल बुढाथोकी लगायतको आतिथ्य रहेको थियो।

बिद्यालयका प्रधानाध्यापक सन्तोष पौडेलले स्वागत मन्तव्य प्रस्तुत गरेको उक्त कार्यक्रमको सञ्चालन शिक्षक समिर नेपाल, बिद्यार्थीहरु बेञ्जु कोइराला, युगान्त रिजाल, सायमन कट्टेल, सायरा पौडेललगायतले गरेका थिए।

# झापा ४

## लालप्रसाद ...

वैचारिक पक्षधरतामा प्रष्ट छन्। उनी विधिको शासन, शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन, आवधिक निर्वाचन र जनादेश सिद्धान्तमा विश्वास गर्छन्। उनी कानून र विधिका पक्षपाती छन्। जननेता मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवादका पृष्ठपोषकका रूपमा नेकपा एमालेभित्र उज्ज्वल छबि बनाएका साँवालाई एमालेभित्र जनपक्षीय नेताका रूपमा मानिन्छ। सरल र पहुँचयुक्त व्यक्तित्वका धनी साँवा सदैव सन्तुलित प्रस्तुति राख्छन्। एकातिर उनी पार्टी पक्षधरता राख्छन् भने अर्कातिर उनी विपक्षीसँग पनि उत्तिकै सुमधुर सम्बन्ध राख्न सक्छन्। पार्टीका कार्यकर्ताहरू साँगुरो घेराबाट माथि उठेर जनजनको मनमनमा भिजेर एमालेको राष्ट्रियता, लोकतन्त्र र जनजीविकाप्रतिको अटल समर्थनको झन्डालाई माथि उठाएका कारण नै देशविदेशी सबै प्रकारका दक्षिणपन्थी, जनबिरोधी शक्तिहरूले आक्रमणको तारो बनाउँदा पनि एमाले नझुकेको उनको भनाइ छ।

देशमा गरिबी र कुशासन बढिरहेको र लोकतन्त्रको चौतर्फी क्षयीकरण भइरहेको आजको परिवेशमा राजनीतिमा सुसंस्कार र सुसंस्कृतिलाई अघि बढाउन जरुरी रहेकोमा उनको जोड छ। विचार, सिद्धान्त, एजेन्डा, कार्यदिशा, कार्यशैली, संस्कार र संस्कृति विनाको राजनीति जनता र देशको पक्षमा हुँदैन भन्ने उनको सोच छ। लामो सङ्घर्ष, दुःख, त्याग, तपस्या, बलिदान, आँशु, रगत र पसिनाको मूल्यमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र आएको छ। तर, यसका सम्वाहक, अभियन्ता तथा नेतृत्वकर्ताका कारण मुलुक पश्चगमनमा जानुहुँदैन र लोकतन्त्रको विकल्प खोजिनुहुँदैन भन्नेमा उनी दृढ छन्। आजको लोकतन्त्रको विकल्प अझ उन्नत, अझ प्रगतिशील, अझ जनमुखी लोकतन्त्र मात्र हुन सक्छ भन्ने उनको स्पष्ट मत छ।

साँवा जनता, कार्यकर्ता र बुद्धिजीवीसँग पनि उत्तिकै सहजतापूर्वक पेश हुन्छन्। झापा क्षेत्र नं. ४का विभिन्न विद्यालय तथा सङ्घसंस्थाका समस्या हल गर्न सशक्त भूमिका खेलेका कारण पनि जनताका माझमा साँवाको विश्वासिलो र उज्यालो छबि बनेको छ। पूर्वाधार निर्माण र विकास निर्माणप्रतिको लगाव, सबै वर्ग र तह-तप्काका जनतासँग सहजै सम्पर्क गर्ने, समायोजन हुने र जनतामाझ परिचित व्यक्तित्वको छबिकै कारण आशा र भरोसाका साथ उनी आफ्नो चुनावी अभियान अघि बढाइरहेका छन्। साँवा भन्छन्- 'जनताबाट परीक्षण भएर, जनताबीचमा आफ्ना सोच, कर्म र दृष्टिकोणबाट श्रेष्ठता हासिल गरेर मात्र नेता हुन सकिने कुरामा नेकपा एमाले विश्वास गर्छ।'

समाजमा नकारात्मकता, निराशा र तनाव बढ्दै गएको छ। सकारात्मक भन्दा नकारात्मक कुरा गर्ने, अराजकताको कुरामा बढावा दिने- यो ढङ्गले समाज अगाडि बढिरहेको छ। मानिस सदैव कुनै न कुनै प्रकारका तनावबाट पीडित हुने गरेका छन्। यसका लागि साँवाको विशेष पहलमा ध्यान शिबिरहरू सञ्चालन गरिएका छन्। सांसदहरुको मूल काम चाहिँ नीति निर्माण गर्ने, नीति बनाउने, कानुन बनाउने हो, तर यसका बिच पनि जनताले चाहिँ विकास निर्माणकै अपेक्षा गर्छन्। उनी निरन्तर विकास निर्माणको अभियानमा निरन्तर लागिरहेका छन्। धेरै नेताका बारेमा धेरै कुरा उठेका छन्। तर आजसम्म आर्थिक अनियमितता, भ्रष्टाचार, नैतिक पतन र कसैलाई कुनै नराम्रो बोलेको भनी साँवालाई कसैले प्रश्न उठाउन सक्दैन। यो उनको जीवनको सबैभन्दा मूल्यवान पुँजी हो। उनको जनतासँगको सामिप्य नै विजयको मुख्य आधार भएको एमाले युवा नेता सिकिन पासवानको भनाइ छ।

वास्तवमा साँवा जे काममा लाग्छन्, दिलोज्यानले लाग्छन्, सम्पूर्ण ध्यान केन्द्रित गरेर लाग्छन्। एउटा सांसदको हैसियतमा आफ्नो क्षेत्रको प्रतिनिधिको हैसियतमा तुलनात्मक रूपमा धेरै गरेको उनको दावी छ। पहिलो कुरा सताक्षीधाम-झिलझिले-जनता हुँदै ओकलबाडीसम्म पुग्ने गरी अहिले चौरीसम्म कालोपत्रे सम्पन्न भएको छ। सुरुङ्गा-शरणामती-कामाटोली हुँदै भारतको सीमा क्षेत्र डिगल बैंकसम्मको सडक बनाइएको छ। यो अमरपथ सडक उत्तर-दक्षिणको जीवन-धमनी अर्थात् लाइफलाइन हो। सुरुङ्गालाई इलाम जोड्ने बाटोको निर्माण कार्य पनि निकट भविष्यमा शुरु हुन गइरहेको छ। सुरुङ्गा एक व्यापारिक, शैक्षिक केन्द्रका रूपमा विकास गर्ने आफ्नो सपना रहेको साँवाको भनाइ छ। लक्ष्मी मार्गको अलावा त्यसरी नै सुरुङ्गास्थित शहीद लक्ष्मी पाण्डे चौकदेखि भारतीय सीमासम्मको वैकल्पिक मार्ग निर्माणको काम पनि धेरै सम्पन्न भइसकेको छ। झापा बजारको छोटी भन्सार खोल्न प्रयत्न गरिरहेको साँवाको भनाइ छ। विगतमा निर्माण कम्पनीका कारण ढिलासुस्ती भए पनि हुलाकी मार्ग अन्तर्गतको कनकाई पुल निर्माण कार्यका लागि सम्बन्धित निकायसँग पहल भइरहेको उनको भनाइ छ।

साँवाले अपूर्ण काम सम्पन्न गर्न आफ्नो उम्मेदवारी रहेको बताएका छन्। निर्वाचनमा विजयी हुँदा होस् वा परिणाम आफू अनुकूल नहुँदा पनि साँवा निरन्तर रूपमा जनताको सेवामा क्रियाशिल रहँदै आएका छन्। उनले जित मात्र होइन, विगतमा पराजयको अनुभव पनि सँगालेका छन्। २०७० सालको संविधानसभा निर्वाचनमा झिनो मत अन्तरले निर्वाचनमा पराजित भए पनि साँवा जनताभन्दा टाढा रहेनन्। निरन्तर रूपमा विकास निर्माण साथै समाज रूपान्तरणमा क्रियाशील रहँदै अघि बढेका कारण २०७४ र २०७९ को दुवै निर्वाचनमा साँवालाई विजय हासिल गर्न कुनै समस्या परेन। विगतको विवेचना, आगतको आँकलन गर्दै नित्य जनताका माझ उभिने एक जनप्रिय उम्मेदवारका रूपमा साँवाको सानदार विजय भयो। दुवैपटक आफ्ना प्रतिस्पर्धी नेपाली काङ्ग्रेसका देउमान थेबेलाई पछि पार्दै साँवा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन्।

'सुखी नेपाली समृद्ध नेपाल' राष्ट्रिय महाअभियानमा लागेका साँवा झापाको मध्यभागमा रहेको भूगोल, कनकाई नदीको कटान नियन्त्रण, सीमावर्ती क्षेत्रसम्मको सहज सडक सञ्जाल विस्तार, घरबारविहीनलाई बसोबासको व्यवस्था, स्वरोजगारमुखी कार्यक्रम, शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ, खानेपानी जस्ता योजनामा साँवाको पहलबाट उल्लेखनीय काम भएको स्थानीय बताउँछन्। विगतका उदाहरणीय काम, समाजसेवी भावना, सामाजिक अभियन्ताको व्यक्तित्व, निष्कलङ्क छबि, स्पष्ट सोच र भविष्यका योजनाका कारण 'माटोले चिनेको, जनताले रोजेको र मतदाताले खोजेको' उम्मेदवारको रूपमा रहेको एमाले झापा जिल्ला कमिटी सदस्य विनोद रानाले बताएका छन्।

## देउमान ...

जोडिएर राजनीति गर्ने नेताका रूपमा चिनिन्छन्। उनको राजनीतिक यात्रा पद, प्रतिष्ठा वा आकस्मिक लोकप्रियताको सहारामा होइन, अपितु संघर्ष, निरन्तरता र जनसम्पर्कको जगमा उभिएको छ। कार्यकर्ताको पीडा, किसानको चिन्ता, युवाको रोजगारीको खोजी र आम नागरिकको दैनिक जीवनका समस्यासँग नजिकबाट साक्षात्कार गरेको अनुभव उनको राजनीतिक चेतनाको आधार हो।

झापा-४ले आज शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, पूर्वाधार र सुशासनजस्ता आधारभूत सवालमा दीर्घकालीन सोच बोकेको नेतृत्व खोजिरहेको छ। यहाँ समस्या नयाँ छैनन्। नयाँ चाहिएको भनेको समाधानप्रति इमानदार प्रतिनिधि हो। देउकुमार थेबे यिनै मुद्दामा स्पष्ट दृष्टिकोण राख्ने, सम्भावनालाई योजनामा रूपान्तरण गर्ने र संसदमा क्षेत्रको आवाज दृढताका साथ उठाउन सक्ने नेतृत्वका रूपमा प्रस्तुत छन्। उनका लागि राजनीति सत्ता प्राप्तिको साधन होइन, यो जनताको भरोसा बोक्ने जिम्मेवारी हो।

विगतमा झापा-४ले धेरै वाचा सुनेको छ, तर अपेक्षित परिणाम कमै देखेको छ। त्यसैले आज यो क्षेत्रले नाराभन्दा काम, भाषणभन्दा व्यवहार र शक्तिभन्दा जवाफदेहीता खोजिरहेको छ। देउकुमार थेबे यही मान्यतामा उभिएका छन्, जहाँ प्रतिनिधि जनतासँग उत्तरदायी हुन्छ, आलोचनाबाट भाग्दैन र निर्णयमा पारदर्शिता अपनाउँछ। उनको उम्मेदवारी राजनीतिक स्थायित्व र लोकतान्त्रिक मूल्यको संरक्षणप्रति प्रतिबद्धताको स्पष्ट सङकेत हो।

नेपाली कांग्रेस इतिहास, संघर्ष र लोकतान्त्रिक निरन्तरताको प्रतीक हो। उनी भन्छन्- राजनीति जनहितमा उभिन्छ, प्रतिनिधित्व विश्वासयोग्य बन्छ र विकास दीर्घकालीन सोचसँग जोडिन्छ। उनले लोकतान्त्रिक मूल्य, निष्ठा र उत्तरदायित्वमा आधारित नयाँ अध्याय शुरु गर्ने महान् अभियानको सारथीका रूपमा थेबेको उम्मेदवारी रहेको नेपाली काङ्ग्रेसका युवा नेता भुवन खतिवडाको भनाइ छ। नेपाली कांग्रेसले आज युग र नयाँ पुस्ताले खोजेको राजनीतिक दलमा आफूलाई रूपान्तरित गरेको छ भन्ने थेबेको भनाइ छ। क्षणिक आवेग र उत्तेजनाले होइन, दीगो सोच, स्पष्ट दृष्टिकोण र नीतिगत प्रतिबद्धताले स्थापित नेतृत्वले मात्र मुलुकको निकास दिने हो। ऊर्जा र अनुभवको सङ्गम- आज देशले खोजेको सक्षम विल्कप नेपाली काङ्ग्रेस हो। स्थायित्व, सुशासन र समृद्ध विकासका लागि आफ्नो उम्मेदवारी रहेको थेबेको भनाइ छ।

ठूलो होहल्ला र तामझाम बिनानै चुनाव प्रचारप्रसारमा जुटेका पूर्व जनप्रतिनिधिसमेत रहेका थेबे २०७४ र २०७९मा एलपी साँवाबाट पराजित भए पनि यसपटक जित हासिल गर्ने पक्षमा छन्। उनी भन्छन्- 'दुईपटकको हारले मलाई निराश बनाएको छैन, ती हारले मलाई चुनावी रणनीति बनाउन शिक्षा दिएका छन्।' राष्ट्रियता र लोकतन्त्रको संरक्षण र संबर्द्धन गर्दै लोकतान्त्रिक समाजवादको आदर्श अनुरूप समानुपातिक समावेशी सिद्धान्तका आधारमा नेपाललाई सभ्य, सुखी र सम्पन्न राष्ट्रका रूपमा स्थापित गरी राजनीतिक, सामाजिक र आर्थिक विकास गर्ने उद्देश्यले नेपाली काङ्ग्रेस नित्यनिरन्तर अघि बढिरहेको छ। राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्श एवम् सिद्धान्त अनुरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट प्रत्येक नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक तथा सांस्कृतिक एवम् धार्मिक अधिकार र वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति गर्दै, नागरिकको सुरक्षा, संरक्षण र समान अवसर उपलब्ध गराउन, न्यायपूर्ण, समतामूलक, गतिशील र शान्तिपूर्ण लोकतान्त्रिक समाज निर्माण गरी सम्पन्न नागरिक र समुन्नत राष्ट्र निर्माण गर्दै राजनीतिक, सामाजिक तथा आर्थिक विकासको लक्ष्य पूरा गर्ने र विश्वशान्ति एवम् भ्रातृत्व कायम गर्दै विश्वसामु नेपाललाई अखण्ड, सम्पन्न र स्वाभिमानी राष्ट्रका रुपमा परिचित गराउने नेपाली काङ्ग्रेसको उद्देश्यलाई आफूले सदैव अनुशरण गर्ने थेबेको प्रतिबद्धता छ।

## शम्भु ...

पनि हुन्। उनले आफू चुनाव जितेर गएमा संसदमा जनविरोधी कानून संशोधन गर्ने बताए।

२ पटकसम्म १० सिटसम्म नजित्ने पाटी र १० लाखसम्म भोट नल्याउने पार्टीको दर्ता खारेजी गर्ने समेत चुनावी वाचापत्रमा उल्लेख छ। निर्वाचित नेता सांसदको सम्पत्ति छानबिन गर्ने र जनतामा सुशासनको प्रत्याभूति गराउने, प्रहरी तथा सेनाले १६ वर्षमा पेन्सन सुविधा पाउने, द्वन्द्वपीडित प्रहरी र नागरिकलाई समेत उचित व्यवस्थापन गर्ने, जनमैत्री प्रहरी सेवा लगायतका कुराहरू वाचापत्रमा उल्लेख रहेको छ। यसैगरी जनप्रतिनिधिको मृत्यु वा राजीनामा दिएमा पुनः उपनिर्वाचन नगरी उपविजेतालाई स्वतःजिम्मेवारी दिने कुरा समेत वाचापत्रमा उल्लेख छ। लागूऔषध कारोवारी र बलात्कारीलाई आजीवन कारावासको व्यवस्था र उनीहरुको सजाय माफी मिनाह नहुने व्यवस्था गरिने, गाउँ-गाउँमा योगअभ्यास गराई यसको गुरु बनाएर विदेशमा योग अभ्यास गर्नका लागि प्रशिक्षक पठाइने समेत चुनावी वाचापत्रमा उल्लेख छ। यसैगरी युवालाई बिना धितो ऋण उपलब्ध गराइने, माटो बचाउन विषादीरहीत खेती प्रणाली अवलम्बन गरिने, विद्यार्थीहरुलाई पढ्दै कमाउदै गर्ने वातावरणको सृजना गरिने समेत वाचापत्रमा उल्लेख छ। यसैगरी ऐलानी जग्गाको धनीपूर्जा वितरण, सुकुम्बासी समस्याको समाधान गर्ने, कनकाई, बिरीङ, कमल लगायतका नदीहरुको स्थायी समाधान गरिने, यस क्षेत्रका धार्मिक पर्यटकीय स्थलहरू दोमुखा, माईधाम, कोटीहवन, जामुनखाडीको स्तरोन्नति गरी थप पर्यटक आउने वातावरण बनाइने कुरा समेत वाचापत्रमा उल्लेख छ। सुस्केराले वाचापत्रमा स्थानीय मदिरालाई ब्राण्डिङ गरी बजार व्यवस्थापन गरिने, हात्तीको आक्रमण रोक्न विशेष पहल, कनकाई नदीको अधुरो पुल बनाइने लगायतका वाचा गरेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक पार्टी हो। यसको ध्येय वैयक्तिक स्वतन्त्रता र मौलिक हकको प्रत्याभूतिपूर्वक पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीभित्र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासनमार्फत समन्यायिक समावेशी समाज निर्माण गर्नु हो। लोककल्याणकारी राज्यको सुनिश्चितताका लागि सार्वजनिक, निजी र सामुदायिक स्रोत-साधनको दिगो परिचालन गर्दै उद्यममैत्री, लगानी-अनुकूल प्रतिस्पर्धात्मक सामाजिक बजार अर्थतन्त्रको उन्नयनका लागि स्वच्छ र सुदृढ नियमनकारी संरचना बनाई राष्ट्रिय आय र रोजगारीको विस्तार, श्रमप्रति समर्पित, सामाजिक पुँजीको अभिवृद्धि र जलवायु-पर्यावरणीय सन्तुलन कायम गर्न यो पार्टी सर्वात्मना प्रतिबद्ध छ। शान्तिपूर्ण मार्गबाट नै समाजवादका प्रधान लक्ष्यहरू संविधानमा निर्दिष्ट गरी तदनुकूल राष्ट्रिय नीति तथा कार्यक्रमका आधारमा राज्य सञ्चालनको अठोटलाई संवैधानिक समाजवादका रूपमा व्याख्या गर्दै अप्रिय ऐतिहासिक विरासतका रूपमा विद्यमान लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीय लगायत सबै प्रकारका संरचनात्मक विभेदहरूबिरुद्ध निर्णायक सम्बोधन गर्न अवसरहरूको न्यायिक वितरण, पहुँच र उपयोगमा जोड दिइने नीतिअनुरूप आफू सदैव जनताको पक्षमा उभिइरहने सुस्केराको भनाइ छ। कुशल सङ्गठक समेत रहेका सुस्केराले नेपालको इतिहास, सनातन सभ्यता, धार्मिक-सांस्कृतिक विविधतामा आधारित सहअस्तित्व र पारस्परिक सम्मान, विश्वभर फैलिएका नेपालीहरूको सामुहिक सामर्थ्य र एसियाको उदाउँदो भूराजनीतिक महत्वलाई आत्मसात् गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई सदा अक्षुण्ण राख्नु नै राष्ट्रिय स्वतन्त्र पार्टीको अभीष्ट रहेको बताए।

रास्वपा जिल्ला सचिव समेत रहेका उम्मेदवार सुस्केरा अतिअध्ययनशील र चिन्तनशील व्यक्तित्वका रूपमा परिचित छन्। राजनीतिक विकल्पको रूपमा उदाएको मानिने रास्वपाभित्रका प्रखर बौद्धिक व्यक्तित्वको छबि बनाएका सुस्केरा आम क्षेत्र नं. ४ का जनताका लागि आशा र भरोसाको उम्मेदवार रहेको रास्वपाका युवा नेता रमेशचन्द्र मैनालीले बताए।

## पुरूषोत्तम ...

२०६६ सालबाट पार्टीको केन्द्रीय सदस्य बनेका उनले झापा इन्चार्जको जिम्मेवारी समेत सम्हालिसकेका छन्। २०७० सालमा संविधानसभा सदस्यको उम्मेदवार बनेका चुडाल त्यस यता पार्टीको विभिन्न जिम्मेवारीसँगै सामाजिक गतिविधिमा सक्रिय छन्। गौरीशङ्कर खड्का स्मृति प्रतिष्ठानका अध्यक्षको रूपमा उनले कुशलतापूर्वक कार्यसम्पादन गरिरहेका छन्। संविधानसभा सदस्य समेत रहेका गौरीशङ्कर पूर्व क्षेत्रका माओवादी आन्दोलनका मुख्य योजनाकार, सङ्गठक र बौद्धिक व्यक्तित्वका रूपमा स्थापित थिए।

मुलुकमा सङ्घीयता, समावेशिता, धर्म निरपेक्षतासहितको गणतन्त्र ल्याउन र मुलुकलाई समृद्धितर्फ अगाडि बढाउन सक्रिय भूमिका खेलेका चुडालले आगामी निर्वाचनमा विजयी गराइ झापा-४ को मुहार फेर्ने अवसर प्रदान गर्न सम्पूर्ण मतदातालाई नेकपा नेता विजय साम्पाङले हार्दिक आग्रह र अपिल गरेका छन्।

नेपालसहित विश्व कम्युनिष्ट आन्दोलनको गहिरो अध्ययन गरेका चुडाल मिलनसार र जनस्तरमा सहजै घुलमिल हुने युवा नेताका रूपमा चिरपरिचित छन्। चरित्रमा आजसम्म कुनै दाग नलागेका उच्च मनोबल र सकारात्मक सोचका धनी चुडाल आफूले चुनाव जित्नेमा विश्वस्त छन्। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का झापा ४ का उम्मेदवार राजु मतदाताको घर-घरमा पुगेर भ्रष्टाचार र मुलुक बिखण्डन गर्ने दुवै अतिबाट मुलुकलाई बचाउन अपिल गरिरहेका छन्। उनले १९ बुँदे प्रतिबद्धता-पत्र सार्वजनिक गरेका छन्।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि युवा उम्मेदवार चुडालले आफ्ना प्रतिबद्धता सार्वजनिक गर्दै नेपाली जनता लामो समयदेखि सामन्तवाद, साम्राज्यवाद र दलाल पूँजीवादको शोषण दमन र अन्यायको चक्रमा पिल्सिँदै आएका जनताको त्याग, बलिदान र सशस्त्र सङ्घर्षबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रले नयाँ सम्भावनाको ढोका खोलेको भए पनि आर्थिक असमानता, बेरोजगारी, कुशासन, भ्रष्टाचार र सामाजिक विभेद अझै अन्त्य हुन नसकेको बताएका छन्। उनी भन्छन्- वर्तमान राष्ट्रिय सङ्कटबाट देशलाई निकास दिन वर्तमान शासकीय स्वरूपलाई आमूल परिवर्तन गरी सरकारलाई स्थायित्व दिन आवश्यक छ।

चुडालले जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र पहिचानवादी आन्दोलनबाट प्राप्त उपलब्धीहरूको रक्षा गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, संविधान संशोधनको माध्यमबाट जेन-जी पुस्ताको भावनासहित जनताका अग्रगामी एजेन्डालाई सम्बोधन गर्न, खर्चिलो र भड्किलो निर्वाचन प्रणालीलाई परिमार्जन गरी सरल र सहज निर्वाचन प्रणाली स्थापित गर्न र भ्रष्टाचारीलाई कार्वाही गरी सुशासन, समाजिक न्याय, आर्थिक सम्मृद्धि कायम राखी वैज्ञानिक समाजवादको आधार तयार पार्न आफ्नो उम्मेदवारी रहेको बताएका छन्।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) श्रमजीवी जनता, किसान, मजदुर, उत्पीडितवर्ग र समुदायको हक-अधिकारका लागि सङ्घर्षरत् रहँदै पूर्ण मुक्ति, स्वतन्त्रता, समानता र सामाजिक न्याय प्राप्तिलाई आफ्नो केन्द्रीय उद्देश्य बनाउँदै आएको पार्टी भएको र पार्टीको सामन्तवाद, साम्राज्यवाद र दलाल पुँजीवादसहित सबै प्रकारका शोषण र विभेदको अन्त्य गर्दै समाजवादी व्यवस्था स्थापना गर्नु पार्टीको मूल लक्ष्यमा अविचलित योद्धाको रूपमा चुडाल उभिएका छन्। नेपाली कम्युनिष्ट पार्टीले बृहत वामपन्थी एकता, सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्यसहित नेपाली विशेषताको वैज्ञानिक समाजवादतर्फको यात्रा अघि बढाएकाले शोषणरहित, विभेदरहित र समतामुलक समाज निर्माणमा आफूले आफ्नो जीवनका सुन्दर वर्षहरू समर्पण गरेको चुडालको भनाइ छ। नेपाली कम्युनिष्ट पार्टी श्रमजीवी जनता, युवा, महिला, किसान, मजदुर, दलित, आदिवासी जनजाति, मधेसी र उत्पीडित समुदायहरूसँगै जनताकै नेतृत्वमा समाजवाद निर्माणको महान् यात्रामा दृढतापूर्वक अघि बढिरहेकाले आफ्नो जित निश्चित भएको उनको भनाइ छ।

## भक्तिप्रसाद ...

साथ र मार्गदर्शनले उनलाई नेतृत्व, सहकार्य र समाजसेवामा सक्रिय हुन प्रेरित गरेको देखिन्छ।

भक्तिप्रसाद सिटौलाले स्नातकोत्तर तहको शिक्षा त्रिभुवन विश्वविद्यालय (त्रिवि) बाट हासिल गरेका छन्। उच्च शिक्षाले उनलाई बौद्धिक विकास, नेतृत्व क्षमता र नीति निर्माण सम्बन्धी ज्ञान प्रदान गरेको छ। यसले उनलाई सङ्गठनात्मक क्षमता र निर्णय क्षमतामा सशक्त बनाएको छ। शैक्षिक पृष्ठभूमिसँगै उनले सामाजिक क्षेत्रमा लामो समयसम्म सक्रिय भएर व्यावहारिक अनुभव प्राप्त गरेका छन्। यसले उनलाई निर्णय क्षमता, नेतृत्व र जनसरोकारका मुद्दामा प्रभावकारी बनाएको छ।

उनको राजनीतिक आबद्धताको लामो इतिहास छ। भक्तिप्रसाद सिटौला राष्ट्रिय प्रजातन्त्र पार्टीको सक्रिय सदस्य हुन्। पार्टीको नीति र उद्देश्य अनुसार उनी झापामा सङ्गठन मजबुत बनाउन, समुदायको आवाज राष्ट्रिय तहमा पुऱ्याउन र क्षेत्रीय विकासका परियोजनाहरूमा संलग्न छन्। उनको राजनीतिक भूमिका केवल पार्टीभित्र सीमित रहेको छैन। उनी समावेशी लोकतन्त्र, सामाजिक न्याय र समुदायको सशक्तीकरणको पक्षमा बहस र अभियानहरूमा निरन्तर सक्रिय छन्। यसले उनलाई क्षेत्रीय र राष्ट्रियस्तरमा प्रभावकारी नेता बनाएको छ। उनको गौरवमय सामाजिक भूमिका र नेपालपक्षीय स्पष्ट दृष्टिकोणका कारण उनी एक भरपर्दा नेतृत्वका रूपमा स्थापित छन्।

भक्तिप्रसाद सिटौला सामाजिक क्षेत्रमा लामो समयदेखि सक्रिय छन्। उनी समाजमा समानता, न्याय र समावेशी विकासमा विश्वास गर्ने नेता हुन्। उनी स्थानीय तहमा शिक्षा, स्वास्थ्य र महिला सशक्तीकरणका परियोजनाहरूमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन्। उनको दृष्टिकोणमा राजनीति केवल सत्ता प्राप्तिको माध्यम होइन, समाज रूपान्तरण र नेतृत्वको साधन हो। उनी झापा निर्वाचन क्षेत्रका नागरिकको आवाज राष्ट्रिय बहसमा पुऱ्याउने र नीति निर्माणमा प्रत्यक्ष प्रभाव पार्न निरन्तर प्रयासरत छन्। यस दृष्टिकोणले उनलाई समुदाय र पार्टीभित्र दिगो नेतृत्व प्रदान गरेको छ।

सम्बर्द्धनवादको दार्शनिक जगमा उभिएको मौलिक राजनीतिक दलको रूपमा स्थापित राप्रपा तीन दशक लामो प्रजातान्त्रिक अनुभवले खारिएको नेपाल र नेपालीको एक मात्र गौरवशाली पार्टी भएको सिटौलाको भनाइ छ। उनी भन्छन्- 'राप्रपा प्रजातन्त्रप्रति मन, वचन र कर्मले प्रतिबद्ध सु-स्पष्ट विचार र अलग पहिचान सहितको राजनीतिक दल हो। हरेक निर्णयमा पारदर्शिता, सहभागिता, जवाफदेहीता र पार्टीका प्रत्येक सदस्यले अपनत्व लिन सक्ने आन्तरिक लोक तन्त्रको अभ्यासले मात्र बलियो र दिगो लोकतन्त्र बनाउन मद्दत गर्नेछ। हाम्रो श्रद्धेय अध्यक्ष राजेन्द्र लिङ्देनले भ्रष्टाचार गरेर खानु आमाको रगत खानु सरह मानेर देश र जनताको सेवामा प्रतिबद्ध रहौं भन्ने महान् वाणीको हामी सबै अनुशरण गर्छौं।'

राप्रपाले सबैभन्दा पहिले नीति र नियतमा सुधार हुनसके मात्र मुलुकले प्रगति गर्न सक्छ भन्नेमा विश्वास गर्दछ। राजसंस्था, समधर्म सर्वधर्म सापेक्ष सनातन धर्मसहित हिन्दू राज्य हुनुपर्नेमा दृढ विश्वास राख्ने दलको हैसियतले मतदान गर्न सिटौलाले आम मतदातासँग अपिल गरेका छन्। पृथ्वीनारायण शाहले देखाएको बाटो अर्थात् पृथ्वीपथमा अविचलित अगाडि बढिरहेको राप्रपाले आफ्नो सङ्कल्प जनसमक्ष प्रस्तुत गरेको छ, सोही अनुरूप आफू क्रियाशील भइरहेको सिटौलाको भनाइ छ।


**मेचीनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इटाभट्टा, झापा**
**कोशी प्रदेश, नेपाल**

**घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना**

मेचीनगर नगरपालिका वडा नं. ६ बस्ने श्री जानकी विश्वकर्माले निजको नाममा दर्ता रहेको साविक ०८ हाल मेचीनगर-६ स्थित वर्मेली टोल सुवर्ण मार्गमा पर्ने कि.नं. ५६३ क्षेत्रफल ००-०१-०० जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री गणेशबहादुर चौहान/ लक्ष्मी श्रेष्ठ मिति २०८२/१०/२७ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।


**तपशिल**

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक -८<br>हाल मेचीनगर-६<br>कि.नं. ५६३<br>क्षेत्रफल ००-०१-०० | लम्बाई ६.७ मिटर<br>चौडाई ५.७ मिटर<br>उचाई ३.० मिटर<br>क्षेत्रफल ३३.२७ मिटर | पूर्व श्री बाटो<br>पश्चिम श्री गणेबहादुर चौहान<br>उत्तर श्री दीपक अधिकारी<br>दक्षिण श्री लक्ष्मी श्रेष्ठ |

**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**
- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

**हाम्रा सेवाहरु**
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan



सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।
- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## कारबाही नै होला त !

प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिँदै जाँदा निर्वाचन गतिविधि पनि तीव्र भएको छ । आसन्न निर्वाचनमा राज्यकोषबाट पारिश्रमिक लिने कर्मचारी, शिक्षक, प्राध्यापकहरु र जनप्रतिनिधि पनि विभिन्न दल तथा उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भएको भन्दै निर्वाचन आयोगले आचारसंहिता विपरीतको कार्यमा सामेल नहुन निर्देशन दिएको छ । आयोगले राज्यबाट सेवासुविधा लिने जो कोही आचारसंहिता विपरीतको गतिविधिमा संलग्न भएको पाइए संहिताको दफा ४८ बमोजिम कारवाही हुने चेतावनी दिएको छ ।

शिक्षक, प्राध्यापक र कर्मचारी चुनावी प्रचारमा सक्रिय रहेको भन्ने उजुरी प्राप्त भएपछि त्यसो नगर्न चेतावनी दिएको आयोगले निर्वाचन आचारसंहिता २०८२ को दफा १० को प्रतिकूल हुने जनाएको छ । आचारसंहितामा त्यस्तो गतिविधिमा संलग्न भएको पाइए पदबाट हटाउन सकिने व्यवस्था गरिएको छ । निर्वाचन आयोगले निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ, पारदर्शी, भयमुक्त र मितव्ययी बनाउन आचारसंहिता लागू गरेको हुन्छ । त्यसको पूर्ण पालना भएन वा गरिएन भने निर्वाचनले दिने परिणामले राजनीतिक स्थिरता दिन पनि सक्दैन । त्यसकारण पनि आचारसंहिताको पालना गर्नु सबै राजनीतिक दल, उम्मेदवार, सरोकारवाला पक्ष र जिम्मेवार नागरिकको दायित्व हो ।

शिक्षक, कर्मचारी, प्राध्यापक लगायत जिम्मेवार तहमा रहेकाहरुले आफ्नो मर्यादा, तटस्थता, कानूनी दायरा र दायित्वको बोध गर्नुपर्दछ । तर, हामीकहाँ शिक्षक, कर्मचारी, प्राध्यापक लगायत विभिन्न तहका जनप्रतिनिधि निर्वाचनका समय विभिन्न दल र उम्मेदवारका पक्षमा प्रचार गर्न, सभा–सम्मेलनमा सहभागी हुने गरेका विगतका परम्परा जस्तै हुन् । प्रत्येक जिम्मेवार तह वा पदमा रहेका व्यक्तिले आफ्नो–आफ्नो तह र पदको मर्यादा राख्न अरु कसैले निर्देशन, आग्रह वा चेतावनी दिने अवस्थाले निर्वाचनको स्वच्छता कायम हुन सक्दैन । यसै पनि दलहरुले नै आ–आफ्ना दलका समर्थकहरुका भ्रातृ संगठन बनाएका छन् जहाँ शिक्षक, प्राध्यापक र कर्मचारी आबद्ध छन् । त्यसैले आयोगको निर्देशन र चेतावनी कार्यान्वयन होला, जिल्लादेखि विभिन्न संस्था मार्फत गरिने अनुगमन समितिले पूर्ण पालना गर्नुपर्दछ । यदि आचारसंहिताबिरुद्ध भएको पाइए कडा कारवाही नगरिए यस्तो निर्देशन निरर्थक ठहरिने छ । जसले निर्वाचनको स्वच्छतामा सवाल रहिरहने छ ।

# मतदाता शिक्षालाई कसरी प्रभावकारी बनाउने ?



**हरिविनोद अधिकारी**


प्रजातन्त्र या लोकतन्त्रमा जनताले छानेका व्यक्तिहरूले मात्र जनता माथि शासन गर्न पाउँछन् या आधिकारिकरूपमा सेवा गर्न पाउँछन् भन्ने मान्यता छ। यो नयाँ नभएर धेरै पहिलेदेखिको मान्यता हो र आज पनि त्यो मान्यताका आधारमा जनताका प्रतिनिधि चयन गर्ने अथवा छान्ने प्रक्रियालाई निर्वाचन भनिन्छ। निर्वाचनका लागि मतदान गरिन्छ र मतदान प्रत्यक्षरूपमा या अप्रत्यक्षरूपमा गर्न सकिन्छ।

सामान्यतयाः केही शताब्दीदेखि मतदान गोप्यरूपमा गरिन्छ र आफ्ना देशका निर्वाचन सम्बन्धी ऐन-नियम अनुसार निर्वाचित हुने तरिकाका आधारमा जय/पराजय घोषणा गरिन्छ। खासगरी प्रत्यक्षरूपमा जनताले दिएको मतले जित्ने चलनलाई बढी मत ल्याउनेले जित्ने भनिन्छ र यसरी मत दिने व्यक्ति या नागरिकलाई मतदाता भनिन्छ, मतदाताले मत दिने साधनलाई मतपत्र भनिन्छ र त्यसरी मत दिनका लागि जुन ठाउँको चयन गरिन्छ, त्यस ठाउँलाई मतदान केन्द्र भनिन्छ। यसमा कस्ता नागरिकले मत दिन पाउने भन्ने कुरा सम्बन्धित लोकतन्त्रका लागि तयार गरिएको निर्वाचन सम्बन्धी ऐन, नियम, विनियमले तय गरिन्छ।

नेपालको संविधानले मतदातालाई प्रजातन्त्रको आत्मासरह मानेको छ र १८ वर्ष पुगेको नेपाली नागरिकले आफ्नो नाम तोकेको अवधिमा मतदाताको रूपमा लेखाएर मतदान सुरक्षित गर्नुपर्छ। अहिलेको प्रसङ्ग हो समयावधि पहिले नै अन्तरिम सरकारले अचानक घोषित गरेको आम निर्वाचन २०८२ जुन यही फागुन २१ गते हुन लागेको छ। सरकारले निर्वाचनको सम्पूर्ण तयारी भइसकेको जनाएको छ। करिब एक करोड ८९ लाखभन्दा बढी मतदाता रहेको यस निर्वाचनमा करिब नौ लाख मतदाता नयाँ दर्ता भएका छन्। ती मतदाता सबै निकट समयमा हुनलागेको आम निर्वाचनका लागि तयार भइसकेका छन् र युवाहरूमा नयाँ निर्वाचनमा ठूलो अपेक्षा पनि देखिएको छ।

अहिले फागुन ४ गतेदेखि १७ गतेसम्म निर्वाचन आयोगले सम्पूर्ण पालिकाहरूका वडाहरूमा मतदाता शिक्षा यसरी शुरु गरेको छ कि यसपटकको निर्वाचनमा बदर मत अत्यन्तै नगण्य होस् या हुँदै नहोस् भन्ने लक्ष्य राखिएको छ। यसका लागि आयोग आफैँले मतदान विज्ञहरूको स्वयम्सेवक टोली तयार गरेर घर-घरमा पठाएको देखिन्छ। त्यसो त करिब दुई करोड मतदाता जनसंख्यामा सबैतिर पुग्न गाह्रो त होला तर पनि भएको शुरुवातलाई सकारात्मक मान्नुपर्छ। किनभने यो निर्वाचन अचानक हुन लागेको हो र पनि निर्वाचनको तयारी राम्रोसँग भएको पाइन्छ। जनतामा यो निर्वाचनबाट





मुलुकको नयाँ भविष्यप्रति अपेक्षा धेरै राखेको पनि पाइन्छ। खासमा सुशासन, भ्रष्टाचारमुक्त समाज, निष्पक्ष निजामती प्रशासन तथा सन्तुलित विकासको धारणा नै अहिलेको निर्वाचनले चुनेका सांसदहरूबाट आशा गर्न सकिन्छ। नीति नै ठूलो कुरा हो र राजनीति शुद्ध भए सबै कुराको नीति सङ्लिन्छ भन्ने मान्यता छ।

त्यसैले लोकतान्त्रिक निर्वाचनमा मतदाता शिक्षा अत्यन्त आवश्यक हुन्छ। किनभने यसले मतदातालाई आफ्नो अधिकार, कर्तव्य र मतदान प्रक्रियाबारे सही जानकारी दिन्छ। शिक्षित मतदाताले उम्मेदवारको योग्यता, नीति र कार्यक्रमका आधारमा सोचेर मत दिन सक्छन्, जसले योग्य नेतृत्व चयन गर्न मद्दत गर्छ। यथोचित मतदाता शिक्षा नभएमा झुटा प्रचार, लोभ-लालच, जातीय वा क्षेत्रीय प्रभावमा परेर गलत निर्णय हुन सक्छ भन्ने मान्यता छ। यसले मत बदर हुने सम्भावना पनि घटाउँछ र सबै नागरिकलाई निर्भय र स्वतन्त्र रूपमा मतदान गर्न प्रेरित गर्छ। त्यसैले मतदाता शिक्षा लोकतन्त्रलाई बलियो, पारदर्शी र प्रभावकारी बनाउन आवश्यक हुन्छ।

### मतदाता शिक्षामा ध्यान दिनुपर्ने कुराहरू

मतदातालाई मतदान सम्बन्धी शिक्षा दिँदा मतदानको अधिकार र कर्तव्यबारे जानकारी दिनु पर्दछ। यसका लागि पनि मतदाता शिक्षा आवश्यक परेको हो जसले मतदान गर्ने र यसको महत्त्व के हो भन्ने स्पष्ट गराउँछ। मतदान गर्ने तरिका सिकाउनु जरुरी हुन्छ। किनभने विभिन्न तरिकाका मतपत्र कसरी सही तरिकाले प्रयोग गर्न सिकाउने जसले गर्दा मत बदर नहोस्। त्यसैगरी उम्मेदवार छनोटको आधार जस्तो कि जात, धर्म, पैसा वा लोभमा नभई योग्यता, नीति र कार्यक्रम हेरेर मतदान गर्न प्रेरित गर्ने शिक्षा प्रदान गर्नुपर्दछ।

निर्भय र स्वतन्त्र मतदानका लागि कसैको दबाब, धम्की वा प्रलोभनबाट टाढा रहन सिकाउनुपर्दछ। निर्वाचन आचारसंहिताका बारेमा कुरा गर्दा निर्वाचनमा मतदाताहरूका लागि पनि आचारसंहिता तयार गरिएको हुन्छ। त्यसो त मतदाताले उम्मेदवारहरूका बारेमा पनि आचार संहिता थाहा पाउनु जरुरी हुन्छ, जसले गर्दा निर्वाचन या चुनावका नियम र कानूनी व्यवस्थाबारे जानकारी होस्।

मतदातामा निर्वाचन सम्बन्धी सही सूचना र गलत प्रचार छुट्ट्याउने क्षमता वृद्धि गरी अफवाह र भ्रामक समाचारबाट सचेत गराउने किसिमको ज्ञान पनि मतदाता शिक्षामा नै पर्दछ। गलत सूचना, मिथ्या सूचना, भ्रामक सूचनाबाट मतदातालाई सचेत गराउन पनि मतदाता शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ। समावेशी सहभागिताको मान्यता बमोजिम ज्येष्ठ नागरिक पुरुष या महिला, अपाङ्गता भएका व्यक्ति, युवा, प्रौढ, अक्षर नचिन्ने दुर्गम क्षेत्रका नागरिक सबैलाई पहुँच हुने गरी शिक्षा दिनु पर्दछ। अक्षर चिन्न गाह्रो हुने भएकाले निर्वाचनमा चिह्नको प्रयोग गरिएको हो भनेर मतदाता शिक्षामा स्पष्ट हुनु पर्दछ।

आफ्नो नाम मतदाता सूचीमा छ कि छैन भन्नेबारे सचेत गराउनका लागि मतदाता नामावली जाँच पनि मतदाता शिक्षामा आवश्यक पर्दछ। अहिले हातमा भएको मोबाइलबाट पनि सम्बन्धित तर सम्भावित मतदाताको नाम हेर्न मिल्ने र उसको मतदाता क्रमसंख्या समेत दिन मिल्ने भएकाले मतदान स्थल, मतदान समय, आफूलाई मन मर्ने दल या व्यक्तिको चिह्न समेत भएको नमुना मतपत्र देखाएर मत दिनका लागि उत्प्रेरित गर्ने गर्नुपर्दछ। सही तरिकाले मतदान गर्न र नक्कली मतदान घटाउने उपायहरू पनि मतदाता शिक्षामा नै अवलम्बन गरिनु पर्छ जसले गर्दा जसले मत दिन पाउने हो उसले मात्र मतको सदुपयोग गरुन् र जसले पाउनैपर्ने हो उसले मात्र मत पाओस् भन्ने कुरामा मतदाता शिक्षामा ध्यान दिनैपर्छ।

जस्तो कि मतदाता परिचयपत्र अनिवार्य गर्ने या सही मतदाताले मात्र मतदान गरोस् भन्ने कुरामा सचेत गराउने, जैविक पहिचान (फोटो, औंठाछाप आदि) प्रयोग गर्ने, मतदाता नामावली अद्यावधिक र शुद्ध राख्ने, मतदान केन्द्रमा कडा सुरक्षा व्यवस्था गर्ने, मतदान अधिकृत र स्वयम्सेवकलाई राम्रो तालिम दिने, नक्कली मतदान गरे कानूनी कारवाही हुने चेतना फैलाउने, मतदातालाई आफ्नो मत आफैँ हाल्नुपर्नेबारे सचेत गराउने, प्रविधिको प्रयोग बढाउने र मतदाताले आफूले मात्र होइन अरुले पनि गलत काम नगरोस् भन्ने कुरामा सचेत रहनका लागि मतदाता शिक्षामा सिकाउनु पर्छ।

यसरी सही मतदाता शिक्षा र सही व्यवस्थापनबाट निष्पक्ष र विश्वसनीय निर्वाचन सम्भव हुन्छ। मतदाता शिक्षाको अर्थ हो मतदान गर्नु नागरिक अधिकार र कर्तव्य दुवै हो भन्ने सम्झाउनु। मतदानले गर्ने निर्णयले मुलुकको भाग्य बदल्न सकिन्छ। असल जनप्रतिनिधिले मात्र जनताको मतको कदर गर्नसक्छ किनभने उसले मात्र जनताको भावनाको कदर गरेर जनमतको सम्मान गर्नसक्छ। प्रजातन्त्रमा त्यस्तो मतदाताले मात्र प्रजातन्त्रको मर्म बुझेको ठहरिन्छ। असल उम्मेदवार भनेको समूहगत रूपमा या व्यक्तिगत मान्यताका आधारमा पनि छुट्याउन सकिन्छ। प्रजातन्त्रमा समूहगत मान्यतालाई मतदाताले मान्यता दिने भएकाले बहुलवादी व्यवस्थामा मात्र प्रजातन्त्र फस्टाउँछ भन्ने मान्यता संसारभरि छ। त्यसैले मतदान गर्दा बदर मत घटाउनका लागि केही उपायहरू अपनाउन सकिन्छ।

**बदर मत घटाउन अवलम्बन गर्न सकिने उपायहरू**

बदर मतको संख्या घटाउनका लागि मतदान गर्ने तरिकाबारे स्पष्ट शिक्षा दिने र मतपत्रमा कहाँ र कसरी छाप लगाउने भन्ने कुरा पहिले नै अभ्यास गराउने गर्न सकिन्छ। नमूना मतपत्रको प्रयोग गरेर मतदान केन्द्र बाहिर नमूना मतपत्र राखेर सही तरिका देखाउने गर्न सकिन्छ। त्यसैगरी स्पष्ट र सजिलो मतपत्र डिजाइनमा चिह्न, नाम र कोठा प्रष्ट देखिने बनाउने, मतदान अधिकृतबाट आवश्यक निर्देशन दिने, मतदान अघि सामान्य जानकारी दिने (तर कसलाई मत दिने भनेर नभन्ने) र हस्ताक्षर गरेरमात्र मतपत्र उपलब्ध गराउने, मतदातालाई पर्याप्त समय दिने र हतारमा मत हाल्दा गल्ती हुने भएकाले आरामसँग मतदान गर्ने वातावरण बनाउने काम गर्न सकिन्छ।

त्यस्तै शिक्षा तथा सचेतना कार्यक्रम अन्तर्गत रेडियो, टिभी, सामाजिक सञ्जाल, विद्यालय आदि मार्फत सही मतदान विधि सिकाउने, अशिक्षित, वृद्ध तथा अपाङ्गता भएका मतदातालाई सहयोग गर्ने र कानून अनुसार गोपनीयता कायम राख्दै सहयोग गर्ने व्यवस्था मिलाउने जसका लागि मतदान केन्द्रमा रहेका स्वयम्सेवक तथा परिवारका सदस्यहरूलाई मतको सदुपयोग गर्न सचेत गराउँदै विश्वास गर्ने गर्न सकिन्छ। यसका साथै एक मतपत्रमा एकमात्र चिह्न लगाउनुपर्छ भन्ने जानकारी दिने र धेरै ठाउँमा छाप लगाए बदर हुन्छ भन्ने कुरा स्पष्टसँग बुझाउने, यी उपायहरूले मतदाताका गल्तीहरूमा कमी आई बदर मत घट्छ र निर्वाचन परिणाम अझ सही र प्रभावकारी हुन्छ।

मतदाता शिक्षा दिने स्वयंसेवक निष्पक्ष र उत्तरदायी व्यक्ति हुनु अनिवार्य छ। खासगरी सहर या गाउँ जहाँ भएपनि मतदाताले कसलाई मत दिने हो भन्ने बुझ्न खोज्छन्, त्यस्ता मतदाताहरूलाई स्पष्टरूपमा मतदाता शिक्षा प्रदान गर्ने नागरिक समाजका व्यक्ति हुन् या स्वयम्सेवकहरू हुन्, तिनले सही सल्लाह दिनुपर्छ। तर दलीय कार्यकर्ताहरूले दिने मतदाता शिक्षामा भने आफ्नो दलको चिह्नमा मत दिन आग्रह साथ शिक्षा दिएका पनि हुन सक्छन्। हुन त त्यसलाई पनि सचेतनाको तरिकाले बुझ्नुपर्छ र सकेसम्म मतदातालाई पक्ष या विपक्षमा भन्दा सही व्यक्ति छान्ने प्रक्रियाका बारेमा जानकारी दिनु नै मतदाता शिक्षाको प्रभावकारी उपादेयता हुनेछ।

# दलहरुका घोषणापत्र : ठूलो सपनाअघि सानो समाधानको खाँचो

दलहरुका घोषणापत्रमा पाँच वर्षपछि देश कता पुग्छ भन्ने रंगीन चित्रहरू कोरिएका छन् । भ्रष्टाचार नियन्त्रण र सुशासन, सार्वजनिक सेवामा सुधार, समृद्ध देश र सुखी नेपाली, आर्थिक क्रान्ति, अर्थतन्त्रमा सुधार, आकर्षक रोजगारी र कमाई । सुन्दा लाग्छ, चुनावकै भोलिपल्टदेखि देशमा कायापलट हुँदैछ । तर, नागरिकलाई पछि मिल्ने सुख र समृद्धि होइन अहिले राहत चाहिएको छ ।

दलहरु चुनावी प्रचारमा हिँडेदेखि बजारमा चामल, दाल, तेल, तरकारीको भाउ बढेको छ । तलब उहीँ छ, आम्दानी सीमित छ, खर्च अनियन्त्रित । मध्यम वर्गले खर्च मिलाउन कापीमा हिसाब कोर्नुपरेको छ, निम्न वर्गले उधारोको भरोसा ।

बजारमा मूल्यसूची दिनदिनै फेरिन्छ, तर चुनावी भाषणका शब्द उस्तै छन्- 'हामीले जितेपछि यसो गर्छौं ।' किन सधैँ 'जितेपछि' मात्र ? चुनाव नजितेसम्म पनि दलहरू राजनीतिक शक्ति हुन् । उनीहरूसँग संगठन छ, कार्यकर्ता छन्, स्थानीय संरचना छन् । उनीहरूले अहिले नै साना-साना प्रयास गरेर नागरिकको मन जित्न सक्छन् ।

ठूला सपना देखाउनुअघि सानो समाधान देखाउन सकिन्छ । उदाहरणका लागि-बजार अनुगमनमा नागरिक अभियान चलाउन



सकिन्छ । दलहरूले आफ्ना स्थानीय समितिमार्फत बजारमा मूल्यसूची सार्वजनिक गराउन दबाब दिन सक्छन् । उपभोक्ता अधिकारबारे सचेतना अभियान चलाउन सक्छन् । कालोबजारीको सूचना संकलन गरेर सम्बन्धित निकायमा औपचारिक रूपमा उजुरी दिन सक्छन् । यसले तत्काल प्रभाव पार्छ ।

त्यसैगरी सहकारी र सस्तो पसलको लागि पहल गर्न सकिन्छ । पार्टी निकट सहकारी मार्फत उपभोक्ता पसल सञ्चालन गर्न सकिन्छ, जहाँ आधारभूत खाद्य सामग्री न्यूनतम मुनाफामा बिक्री होस् । चुनाव जितेपछि होइन, अहिले नै एउटा वडा, एउटा टोलबाट शुरू गर्न सकिन्छ । यसले भाषणभन्दा ठूलो सन्देश दिन्छ ।

अर्को स्थानीय उत्पादनको प्रवर्द्धन । तरकारी महँगो छ भने स्थानीय किसानसँग प्रत्यक्ष जोड्ने पहल गर्न सकिन्छ । 'फार्म टु फ्यामिली' अर्थात खेतबारीदेखि भान्सासम्मको मोडलमा साप्ताहिक बजार सञ्चालन गर्न सकिन्छ । बिचौलिया घटे मूल्य घट्छ । यो काम गर्न सत्ता चाहिँदैन, इच्छाशक्ति चाहिन्छ ।

सार्वजनिक बहस र स्पष्ट प्रतिबद्धताको पनि खाँचो छ । दलहरूले खुला बहस आयोजना गरेर अर्थशास्त्री, व्यवसायी र उपभोक्तासँग छलफल गर्न सक्छन् । महँगी घटाउन तत्काल के गर्ने ? भन्ने समयसीमा सहितको योजना सार्वजनिक गर्न सक्छन् । यसले घोषणापत्रलाई पनि विश्वसनीय बनाउँछ ।

अर्को महत्वपूर्ण कुरा, आफ्नै खर्चमा सादगीको सन्देश । दल र उम्मेदवारहरूले चुनावी तामझाम घटाएर सादगी देखाउन सक्छन् । लाखौं खर्चेर र्‍याली र सभा गर्दै महँगीको कुरा गर्नु आफैँमा विरोधाभाष हो । सादगीको अभ्यास आफैँबाट शुरू भयो भने त्यो नै सन्देश बन्छ ।

नागरिक आज भाषणभन्दा व्यवहार हेर्न चाहन्छन् । पाँच वर्षपछि आउने समृद्धिको नक्साभन्दा आजको सस्तो दाल-चामल नागरिकका लागि महत्त्वपूर्ण हुन्छ । यो पनि सत्य हो-महँगी एकदिनमा घट्दैन । विश्व बजार, आयात, आपूर्ति शृङ्खला-धेरै कारक छन् । तर राजनीतिक इच्छाशक्ति र इमानदार पहलले केही न केही राहत दिन सक्छ ।

प्रश्न केवल यति हो-दलहरू साँच्चै चाहन्छन् कि केवल चुनावी नारामै सीमित रहन्छन् ? मतदाताले पनि आफ्नो भूमिका निभाउनुपर्छ । ठूला सपना समेटिएको घोषणापत्र देखाउँदै भोट माग्न आउनेलाई अब सोधौँ-तपाईंले आजै के पहल गर्नुभएको छ ?

यदि जवाफ केवल भविष्यकालमा छ भने सतर्क हुनुपर्छ । किनकि जो आज सानो काम गर्न तयार छैन, उसले भोलि ठूलो जिम्मेवारी कसरी निभाउँछ ? लोकतन्त्र केवल आश्वासनको मेला होइन, जवाफदेहिताको अभ्यास हो । घोषणापत्र सपनाको पोको हुन सक्छ, तर विश्वास व्यवहारबाट बन्छ ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** धेरै समयदेखि बिग्रिएको स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** पती-पत्नीबीच विशेष छलफल हुनेछ, गरेका कार्यहरु समयमै सफल हुनेछ, सन्तान पक्षबाट शुख मिल्नेछ, सतर्क रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढ्नेछन्, सजग रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** व्यापार-व्यवसायमा फाइदाजनक योग छ, अकस्मात धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** कार्यसिद्धीमा भएका बाधा-अड्चन आज हटेर जानेछन्, मनमा खटपटी पैदा हुने समय रहेको छ, विचार पुऱ्याउनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा भएको वादविवाद मिलेर जाने योग रहेको छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोलिको भरमा काम बन्ने योग छ, बोल्दा विचार पुऱ्याउनु होला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** समय मध्यम रहेको छ, अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, नयाँ अवसरका बाटो खुल्नेछन्, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

मिति २०८२/११/१२ मंगलबारको
**सुनचाँदी मूल्य**

छापावाला
सुन प्रति तोला
रु. ३,१४,८००/-

चाँदी
प्रति तोला
रु. ५,५८५/-



**बाँसका सामग्री बनाउँदै** | सुनसरीको हरिनगर गापा–६, घुस्कीस्थित सिमा क्षेत्रको सडक किनारमा बाँसको चोयाबाट ढकी बनाउँदै स्थानीय । मरिक बस्तीका अधिकांशले बाँसका सामग्री बिक्री गरेर जीविकोपार्जन गर्ने गरेका छन् । *तस्वीर : रासस*

# पूर्णखोप सुनिश्चितता तथा दिगोपना सम्बन्धी कार्यशाला

**पथरीशनिश्चरे, फागुन १२।** पथरीशनिश्चरे नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्वापोको अध्यक्षतामा पूर्णखोप सुनिश्चितता तथा दिगोपना सम्बन्धी विविध विषयमा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

नगरपालिकाको सभाहलमा आयोजित छलफलपछि दुई महत्वपूर्ण निर्णयहरू गरिएको हो । फागुन महिनाको नियमित खोप कार्यक्रम फागुन २० गतेदेखि २३ गतेसम्म सबै वडामा सञ्चालन गर्ने पूर्व निर्धारित कार्यक्रम रहे पनि २१ गते प्रतिनिधिसभा निर्वाचन परेकाले उक्त दिनको खोप कार्यक्रम २२ र २३ गते सञ्चालन गरिने निर्णय भएको छ ।

त्यसैगरी पूर्णखोप वडा तथा पालिका सुनिश्चितता र दिगोपना सम्बन्धी छलफलका क्रममा नगरका १० वटै वडाका सबै खोप केन्द्रबाट प्रदान गरिएका खोप मध्ये ५ वर्षमुनिका बालबालिकामा ड्रपआउट (खोप छुट) भएका बालबालिका फेला परेमा चालू फागुन महिनाकै नियमित खोप कार्यक्रम मार्फत् उनीहरूलाई पूर्ण खोप प्रदान गरी वडा तथा पालिकालाई पूर्णखोप सुनिश्चित तथा दिगो घोषणा गर्ने निर्णय भएको छ ।

कार्यक्रममा नगर प्रमुख मोहनप्रसाद तुम्वापो, प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण खतिवडा, स्वास्थ्य शाखा प्रमुख मुरारी आचार्य तथा जनस्वास्थ्य अधिकृत एकराज खत्रीले निर्देशनात्मक मन्तव्य राखेका थिए ।

त्यसैगरी कार्यक्रममा वडाध्यक्षहरू जीवन खतिवडा, उद्धवराज बस्नेत, भीम राई, नविन कार्की तथा कार्यपालिका सदस्यहरूको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा नगरका महिला स्वास्थ्य स्वयम्सेविका तथा स्वास्थ्यकर्मीहरूको उपस्थिति रहेको थियो ।

# कालीगड पेसा संरक्षणमा जुट्दै युवा

**भोजपुर, फागुन १२।** आफ्नै ठाउँमा स्वरोजगार सृजना गर्दै पुर्ख्यौली पेसाको संरक्षणमा युवा पुस्ता सक्रिय हुन थालेका छन् ।

विदेशिने लहर बढिरहेका बेला भोजपुर नगरपालिका-५ बोखिमका ज्ञानेन्द्र विश्वकर्मा भने गाउँमै बसेर खुकुरी बनाउने कालिगड पेसामा जुटेका छन् । बाबुबाजेले सिकाएको सीपलाई निरन्तरता दिँदै उनले यो पेसा अँगालेका हुन् ।

स्नातक तहसम्म अध्ययन गरेका विश्वकर्माले राम्रो अवसरको खोजीमा विदेश जाने सोच बनाएका युवामध्ये आफू पनि एक रहेको तर पुर्ख्यौली पेसा सङ्कटमा पर्न थालेको देखेपछि यही क्षेत्रमा केही गर्ने अठोट गरेको बताए । उनले सिरुपाते, कोथीमोडा, बाँसपाते, बुदुना र तीनपाटा आकारका भोजपुरे खुकुरी निर्माण गर्नुका साथै मागअनुसार तरबार, कट्टी लगायत सामग्री समेत बनाउँदै आएका छन् ।

परम्परागत शैलीमा हातैले निर्माण गरिने भोजपुरे खुकुरीको बजारमा छुट्टै पहिचान रहेको उनको भनाइ छ । गुणस्तरीय फलाम प्रयोग गरी मेहनतका साथ तयार गरिएका खुकुरी देशका विभिन्न जिल्लासम्म पुग्ने गरेका छन् भने केही सामग्री व्यक्तिगत माग मार्फत बाहिर जाने गरेका छन् ।



खुकुरी निर्माण प्रक्रियामा कडा परिश्रम र समय लाग्ने भए पनि त्यसमा गर्वको अनुभूति हुने उनी बताउँछन् । उनका अनुसार नयाँ पुस्तामा सीप हस्तान्तरण गर्न सकेमात्र यो पेसा दिगोरूपमा जोगिन सक्छ । त्यसका लागि तालिम, प्रविधि र बजार व्यवस्थापनमा सहयोग आवश्यक रहेको उनको धारणा छ ।

गाउँमै सञ्चालन भइरहेको उद्योगबाट उत्पादित सामग्रीलाई सिँधै बाह्य बजारसम्म पुऱ्याउने व्यवस्था भए आम्दानी अझ वृद्धि हुने उनी बताउँछन् । हाल कच्चापदार्थको अभाव, मूल्यवृद्धि र बजार पहुँचको सीमितताले समस्या सृजना गरेको उनको गुनासो छ ।

कच्चापदार्थको सहज उपलब्धता, आधुनिक उपकरण, सीप विकास तालिम तथा बजारीकरणमा राज्यको सहयोग भए कालिगड पेसा थप व्यवस्थित र आकर्षक बन्ने उनको विश्वास छ । पुर्ख्यौली सीपलाई निरन्तरता दिँदै नयाँ पुस्तालाई पनि यसतर्फ आकर्षित गर्ने लक्ष्यसहित उनी यो पेसामा निरन्तर सक्रिय रहेका छन् ।

# आधारभूत स्वास्थ्य सेवामा पहुँच बढाउँदै ‘टेम्केमैयुङ’

**भोजपुर, फागुन १२।** भौगोलिक विकटताका कारण समस्या भोग्दै आएका स्थानीयलाई सहजरुपमा आधारभूत स्वास्थ्यसेवा पुऱ्याउन टेम्केमैयुङ गाउँपालिकाले आवश्यक पहल गरेको छ ।

आधारभूत स्वास्थ्यसेवा लिन स्थानीयले पाएको सास्तीलाई ध्यानमा राख्दै यहाँका दुर्गम छ स्थानमा आधारभूत स्वास्थ्य इकाइ स्थापना गरिएको हो । यहाँका नौ वटै वडामा एक/एक वटा स्वास्थ्य चौकी रहे पनि स्वास्थ्य चौकीसम्म पुग्न टाढा दूरी पार गर्नुपर्ने नागरिकलाई लक्षित गरेर आधारभूत स्वास्थ्य इकाइ सञ्चालनमा ल्याइएको छ ।

दुर्गम तथा भौगोलिक रुपमा ठूलो रहेको यस गाउँपालिकाका स्थानीयले स्वास्थ्यसेवा लिन तीनदेखि पाँच घण्टासम्म पैदल हिँड्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाले स्वास्थ्य इकाइ सञ्चालन गरी सेवा प्रवाह गरिरहेको गाउँपालिका अध्यक्ष सरोज बस्नेतले जानकारी दिए ।

उनका अनुसार नागरिकलाई आवश्यक परेको खण्डमा तत्कालै प्राथमिक स्वास्थ्यसेवा उपलब्ध गराउने, सामान्य औषधि वितरण गर्ने, प्राथमिक उपचार गर्ने तथा जटिल अवस्थाका बिरामीलाई आवश्यक सल्लाह सुझावसहित रेफर गर्ने उद्देश्यले स्वास्थ्य इकाइ सञ्चालनमा ल्याइएको हो ।

हाल भौगोलिक रूपमा विकट मानिएका वडा नं. १ तिम्माको खम्बुखा, वडा नं. २ का रुमला र वादुङ्ला, वडा नं. ५ खावाको चोलन्ती तथा वडा नं ९ लेखर्कका वैराङ र काभ्रेमा स्वास्थ्य इकाइ सञ्चालनमा रहेका छन् । ती स्थानमा आधारभूत औषधि, प्राथमिक उपचार सेवा तथा आवश्यक स्वास्थ्य परामर्श उपलब्ध गराइँदै आएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिका उपाध्यक्ष रमादेवी राईले दुर्गम भेगका स्थानीय सामान्य औषधि उपचार नपाएर अकालमै ज्यान गुमाउनुपर्ने अवस्था अन्त्य गर्न स्वास्थ्य इकाइ स्थापना गरिएको बताए । उनका अनुसार स्वास्थ्य सचेतना अभिवृद्धि, नियमित खोप सेवा, सुरक्षित मातृत्व कार्यक्रम तथा सरसफाइ सम्बन्धी जनचेतनामूलक गतिविधि समेत सञ्चालन गर्ने योजना रहेको छ ।

स्थानीयबासी गोरखबहादुर बिष्टका अनुसार गाउँमै स्वास्थ्य इकाइ स्थापना भएपछि सिटामोल, जीवनजल जस्ता सामान्य औषधिका लागि घण्टौं धाउनुपर्ने बाध्यता अन्त्य भएको छ । स्वास्थ्य इकाइ स्थापनासँगै स्थानीयमा स्वास्थ्य सेवाप्रति विश्वास बढेको छ । आकस्मिक अवस्थामा तत्काल उपचार पाउने वातावरण बनेको स्थानीयले बताएका छन् ।

# पर्यटन प्रवर्द्धन गर्न ‘घुमौं झापा साइकलमा’

**झापा, फागुन १२।** ‘दिगो पर्यटन, स्वस्थ जीवनशैली र सामुदायिक गौरवको अभियान’ भन्ने नारासहित साइकलमा जिल्ला घुम्ने कार्यक्रम तय भएको छ ।

जिल्लालाई साइकल पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने, पूर्वी नेपालमा दिगो तथा शून्य फोहर पर्यटन प्रवर्द्धन गर्ने, साइकल मार्फत स्वस्थ र सक्रिय जीवनशैलीलाई प्रोत्साहन गर्ने लगायत उद्देश्यसहित कार्यक्रम आयोजना गरिएको क्लवका अध्यक्ष आकाश श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार साइक्लिङ क्लबले आयोजना गरेको ‘घुमौं झापा साइकलमा’ कार्यक्रम यही फागुन ३० गतेदेखि आगामी चैत २ गतेसम्म सञ्चालन हुनेछ । कार्यक्रमको मुख्य प्रवर्द्धकका रूपमा पर्यटन कार्यालय काँकरभिट्टा रहेको छ ।

उनका अनुसार पहिलो पटक साइकलमा जिल्ला घुम्ने कार्यक्रम अन्तर्गत १२ पालिकाको यात्रा तय गरिनेछ । पहिलो दिन ६० किलोमिटरको यात्रा हुने उनले जानकारी दिए । मेचीनगर, बुद्धशान्ति, अर्जुनधारा, कनकाई, शिवसताक्षी, गौरीगञ्ज, झापा, बाह्रदशी, कचनकबल, भद्रपुर, हल्दीबारी र विर्तामोड नगरपालिकाको साइकलमा फन्को लगाइने क्लवका अध्यक्ष श्रेष्ठले बताए ।

पर्यटन कार्यालय, काँकरभिट्टाबाट शुरु भएको यात्रा बाहुनडाँगी-४९, धारा-मदन भण्डारी राजमार्ग-बर्ने चिया बगान-अर्जुनधारा जलेश्वरधाम-अर्जुनधारा नगरमा पर्ने सामुदायिक वन हुँदै जामुनखाडी सिमसार भएर दोमुखामा टुङ्गिने क्लवका अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

दोस्रो दिन ८० किलोमिटरको यात्रा हुनेछ । दोमुखाबाट शुरु भएको यात्रा माइधार-चिल्लागढधाम-शिवगञ्ज बजार-चौरी-हुलाकीमार्ग-झापा बजार-राजगढ-जलथल जङ्गल बनियानी हुँदै नेपालको होचो स्थान कचनकबल पुगेर बनियानी बजारमा यात्रा टुङ्गिने उनको भनाइ छ ।

तेस्रो तथा अन्तिम दिन ५० किलोमिटरको यात्रा हुनेछ । बनियानीबाट किच्चकबध-भद्रपुर-हल्दीबारी हुँदै विराटपोखरी भएर बिर्तामोडमा ‘घुमौं झापा साइकलमा’ कार्यक्रमको अन्त्य हुने अध्यक्ष श्रेष्ठले जानकारी दिए ।


## अब बिर्तामोडमा डा. पितामबर ठाकुर
MBBS, MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
- पेट सम्बन्धी समस्या
- मुटु सम्बन्धी समस्या
- राति निद्रा नलाग्ने
- छाती दुख्ने
- फोक्सो सम्बन्धी समस्या
- बाथ
- थाईराईड
- रक्तचाप
- मधुमेह

डाक्टर आउने समय : बिहान ११:00 बजेदेखि ५:00 बजेसम्म



(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC, Birtamode-1, Jhapa, Nepal, Oppos्ite of Paschim Bus Stand

## आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

## विशेषज्ञ डाक्टरहरुको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ

यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३–५३२८४५)

## DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार


निःशुल्क चेक–अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## वैदेशिक रोजगार
**के तपाई विदेश जान चाहनुहुन्छ ?** यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई** सम्झनुहोस् । **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## घर ढलान गर्नुछ ?
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल–पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस् ।
**सेवामा २४सैं घण्टा उपलब्ध छौं ।**
सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३



## होटल समृद्धि सुरुङ्गा



एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।
**होटल समृद्धी**
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

## हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३–५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

## वैदेशिक रोजगार
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क : ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३–५३५९७३
बिर्तामोड, झापा

## कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३–५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

## शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
“सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा”
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३–५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

## वैदेशिक रोजगार
**के तपाई विदेश जान चाहनुहुन्छ ?** यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई** सम्झनुहोस् । **यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
**सेक्टर वान सेक्युरिटी सर्भिस**
बिर्तामोड–१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

## उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा– ४, झापा

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा



बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३



गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

## UAE मा रोजगारीको अवसर
United International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No .309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. : 023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

## सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
**देवराज गिरी**
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड : **झापा फल्स सिलिङ्ग हाउस** ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
# मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| टेकबहादुर सेडाई | सिजुवा दमक-९ ख | ३८४<br>३८७ | ०-१-१०.५<br>०-०-१२.२५ | हेलेगुदु/हेलो गुदुन ताजपुरिया<br>” ” |
| कृष्ण कुमार खुलाल | कोहवरा-२ | ८०१ | ९३०.०० | केकरु/केकारु राजवंशी |
| आशा लिम्बु | मेचीनगर-१३ | ७२ | ३५०.०० | सरजु कामत/सरजु कामन |
| कनक बहादुर कार्की | नकलबन्दा-७ | ११६० | ०-३-० | सोम बहादुर |
| टेकनाथ अधिकारी | चकचकी-७ | १५६९<br>१५७० | १-८-० | ढेना हस्ता सतार/रेनहरदा सतार<br>” ” |
| सजनलाल राजवंशी | गौरीगञ्ज-१ | ३२९५ | ८८४२.२८ | झोर ताजपुरीया/विपद/विपत ताजपुरिया/ठेक/ठेम ताजपुरीया |
| कमल कुमार बस्नेत | डागीबारी-४ | १११३<br>१०२४<br>१०२८<br>६५५<br>११११ | ०-०-१०<br>०-२-१५.५<br>०-२-१५.५<br>०-५-१०<br>०-४-५ | छोटकु वास्की सतार/छोटका बास्की सतार<br>” ”<br>” ”<br>सुरज राजवंशी |
| कमल बहादुर बस्नेत | डागीबारी-४ | १०२१<br>१०८२<br>१०३०<br>१०३३<br>११०९ | ०-६-०<br>०-८-१४<br>०-०-८<br>०-०-८.५<br>०-११-५ | सुरज राजवंशी<br>टिहाकु/टिकाकु राजवंशी<br>” ”<br>” ”<br>छोटका /छोटकु वास्की सतार |
| जगतबहादुर खतिवडा | डागीबारी-४ | ९४८ | ०-४-२.५ | ब्रम्ह लाल ढुंगाना |